स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्देशक अशोक शर्माले गत फागुनमा आफ्नो नयाँ फिल्म 'डबल ट्रिपल'को निर्माण घोषणा गर्दै यस वर्षको दशैँको फूलपातीलाई प्रदर्शन मिति तय गरेका थिए। तर, फूलपातीमा अरू तीन फिल्म पनि आउने भएपछि उनले उक्त मिति छाड्दै फागुन १ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गरे। तर, अब यो मितिबाट पनि फिल्म सर्ने भएको छ। किनकि, फिल्मको छायांकन सरेको छ। निर्देशक शर्मा यही भदौ ५ गतेबाट छायांकन सुरु गर्ने तयारीमा थिए।

**आजको विचार...**



आर्थिक...
*(दुई पेजमा)*

डा. गणेशप्रसाद खनाल

जनैलाई विम्व बनाएर भनिएको कथा 'जनै हराएको मान्छे' शुक्रबारदेखि प्रदर्शन तयारीमा छ । शीर्षमध्येको भूमिकामा केकी अधिकारीले अभिनय गरेकी छन् । पछिल्लो समयकी हिट निर्मात्री तथा अभिनेत्री केकी अहिलेकी ब्यस्त कलाकार हुन् । आफूलाई यथार्थवादी कथा र चरित्रमा प्रस्तुत गर्ने केकी दर्शकमाझ प्रिय छिन् । यो मेसोमा केकीलाई अहिले फिल्मको प्रवर्धनमा भ्याइनभ्याइ छ । यी आयाममा केकीले अनलाइनखबरकर्मी विष्णु शर्मासँग संक्षिप्त संवाद गरेकी छन् ।



❐ वर्ष ३१ ❐ अंक ३२ ❐ २०८२ भदौ २ गते सोमबार 18 August 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा १८ को मृत्यु

**(रासस/एएफपी)**

**गाजा सिटी,** भदौ १/गाजाको नागरिक सुरक्षा विभागले आइतबार इजरायली हवाई आक्रमण र गोलीबारीमा कम्तीमा १८ जना प्यालेस्टिनी नागरिकको मृत्यु भएको जनाएको छ । प्रवक्ता महमुद बास्सालका अनुसार, गाजा सिटीको एक अस्पतालको आँगनमा ड्रोन आक्रमण हुँदा सात जनाको ज्यान गएको हो । ती मृतकहरू हमासका सदस्य रहेको जनाइएको छ, जो खाद्यान्न वितरण र सुरक्षाको जिम्मेवारीमा रहेका थिए । दक्षिण गाजाको खान युनिस क्षेत्रमा विस्थापितहरू बसोबास गरिरहेको एउटा टेन्टमा आक्रमण हुँदा थप चार जनाको ज्यान गएको छ । त्यस्तै, सहायता वितरण केन्द्र नजिकै इजरायली सेनाको गोली लागेर दक्षिण गाजामा ६ जनाको मृत्यु भएको बास्सालले बताउनुभयो । मध्य गाजामा पनि एक व्यक्ति सहायता लिन गएका बेला मारिएका छन् । इजरायली सेना हाल गाजा सिटीको जैतुन क्षेत्रमा ठूलो सैन्य कारबाही गर्दैछ । एक सातादेखिको यो अपरेशनले ठूलो जनधनको क्षति गराएको बताइए पनि उद्धार टोलीहरू निरन्तर आक्रमण र साधनको अभावकाकारण पीडितहरूसम्म पुग्न सकिरहेका छैनन् । संयुक्त राष्ट्रसंघ समर्थित विज्ञहरूले गाजामा गम्भीर खाद्य संकट र दुर्भिक्षको चेतावनी दिएका छन् । इजरायलले मानवीय सहयोगको आपूर्ति कडाइ गरेकाले समस्या झन गहिरिँदै गएको हो ।

## नेपालले अंग्रेजलाई हराएको सम्झना

# पाल्पामा सिदुर जात्रा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ १/नेपाल-अंग्रेज युद्धमा विजय हासिल गरेको सम्झनामा आइतबार पाल्पामा ऐतिहासिक भगवतीको रथ सहितको सिन्दुर जात्रा हर्सोउल्लासका साथ निकालिएको छ । विगतमा जस्तै यस वर्ष २०६ औं भगवती खट यात्राका रुपमा सिन्दुर जात्रा निकालिएको हो ।

पाल्पाका तत्कालीन तैनाथवाला कर्णेल उजिर सिंह थापाले युद्ध जितेको सम्झनामा विजय उत्सव स्वरुप खट यात्रा निकाल्ने गरिएको छ । रथलाई जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यलयले बली चढाएपछि तानसेनको परिक्रममा गराइएको हो । रथलाई कुमाल समुदायका युवाहरुले काँधमा बोकी नगर परिक्रमा गराएका थिए । जात्राको अघिल्लो दिन अर्थात् कृष्णजन्माष्टमीका दिनदेखि नै एसियाको ठूलो ढोका मानिने मुल गेट खुला गरिएको थियो । पञ्चेबाजा, लाखेनाच, भजनकिर्तन सहितको सांस्कृतिक झाँकीले रथ यात्रालाई नगर परिक्रमा गराइएको थियो । जात्रालाई नगरपरिक्रमा पछि मन्दिर परिसरमा पुऱ्याई बिसर्जन गरिएको हो । रथलाई मध्यरातमा





पञ्चवलीसहित सलामी अर्पण गरी विधिवत् रुपमा पूजा आरधाना गरिएको थियो । रथ यात्रामा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, पत्रकार, निजामती कर्मचारी, विद्यार्थी विभिन्न संघ सस्थाका प्रतिनिधि लगायत सर्वसाधारणहरुको बाक्लो उपस्थित रहेको छ । जात्रा अवलोकनका लागि गुल्मी, अर्घाखाँची, स्याङ्जा, पर्वत, कास्की, रुपन्देही लगायतका जिल्लाहरुबाट श्रद्धालु जिल्ला आएका छन् । रथयात्रामा नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, प्रधान सेनापति बलाधिकृत रथी श्री अशोकराज सिग्देल, प्रदेशका मन्त्री, संघीय सांसद, प्रदेश सांसद लगायतका उच्च पदस्थ व्यक्तिहरुको सहभागिता रहेको थियो । जात्रा अवलोकनमा आएका उपप्रधान तथा अर्थमन्त्री पौडेल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री पाण्डेले ऐतिहासिक भगवती (सिदुर) जात्राको अत्यन्त महत्व रहेकाले यसलाई राष्ट्रिय पर्वको रुपमा मनाउनुको साथै धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने बताए । उनीहरुले भगवती जात्राको ऐतिहासिक महत्व रहेकाले हामी सबै मिलेर यस खालको संस्कृति र परम्परालाई सम्बर्द्धन र जगेर्ना गर्नुपर्नेमा जोड दिए । सरकारले भगवती मन्दिरको पुनर्निर्माणका लागि बजेटको व्यवस्था गरेकाले प्राचीन स्वरुपमा भगवती मन्दिरको पुनर्निर्माण हुने बताए । जात्रामा करिब ५ हजार भक्तजनहरुले प्रत्यक्ष अवलोकन गरे । ऐतिहासिक महत्व बोकेको जात्रालाई राष्ट्रिय पर्वको रुपमा लिनु पर्ने भगवती गुठी व्यवस्थापन समितिले जनाएको छ । सरकारले सहयोग गरे धार्मिक,पर्यटन प्रर्वद्धन गर्न जात्राको महत्वपूर्ण भूमिका रहने समितिले विश्वास लिएको छ । जात्राका अवसरमा तानसेन, भगवतीटोलमा रहेको श्री ७ रणउज्जेश्वरी भगवतीको मूर्ति रथमा राखेर सिन्दुर जात्रा गरिएको हो । बजारमा जय जयकारको गुञ्जनसहित भगवतीको रथयात्रा निकालिएको थियो । कुमाल जातीका जवानले १२ बजेर ३० मिनेटमा भगवतीको प्रतिमुर्ती राखिएको रथलाई उठाएर नगर परिक्रमा गराएका थिए । भगवतीको रथको दुवैतिर तेर्साईएका दुई बलिया नोलहरुलाई काधमा बोकी जयजयकारको गुञ्जन ध्वनी र बन्दुकको बडाईका साथ मुर्तीलाई रथमा राखेर नगर परिक्रमा गरिएको थियो । ऐतिहासिक महत्व बोकेको जात्राका क्रममा शान्ति सुव्यवस्था कायम गर्न जिल्लाको सुरक्षा व्यवस्था समेत कडा बनाइएको थियो । जात्राको अवसरमा पाल्पाका सरकारी कार्यालयका कर्मचारी सरकारी पोशाकमा आएका थिए ।

*-बाँकी अन्तिम पेजमा...*

## सवारी दुर्घटनामा तीन जनाको मृत्यु



**पाल्पा,** भदौ १/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, सिराहा र मोरङमा भएका छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु भएको हो । बुटवल उपमहानगरपालिका-१३ जितगढीस्थित सडकमा लु.१ ज ४४६६ नम्बरको बलेरोले लु. १५ प ३४ नम्बरको मोटरसाइकलाई ठक्कर दिँदा मोटरसाइकल चालक अर्घाखाँची सन्धिखर्क नगरपालिका-४ वाग्ला बस्ने ३१ वर्षीय खुमा भुसालको मृत्यु भएको छ । दुर्घटना गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको एडमसिटी अस्पतात बुटवलमा उपचार भइरहेको छ । हाल फरार बलेरो चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै मोरङको मिक्लाजुङ गाउँपालिका-३ टाँडी रमितेस्थित सडकमा मे.२ प ९०९७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक उर्लाबारी नगरपालिका-४ बस्ने १७ वर्षीय आरब डाँगीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको अरनिको अस्पताल उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको हो । उता सिराहाको लहान नगरपालिका-१९ छरापट्टीस्थित सडकमा बीआर ३२ एसी ४१२९ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-२३ गढीया बस्ने ५५ वर्षीय लखन मोतीको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल लहानमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

## गठबन्धन सरकार कुनै पनि हालतमा ढल्दैन : उपप्रधानमन्त्री पौडेल

**पाल्पा,** भदौ १/उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वर्तमान गठबन्धन सरकार नढल्ने बताएका छन् । आइतबार नेपाल पत्रकार महासङ्घ पाल्पाले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री पौडेलले वर्तमान सरकार कुनै पनि हालतमा नढल्ने दावी गरेका हुन् । मुलुकका दुई ठूला दलको गठबन्धनको सरकार भएकाले कसैले चाहँदैमा नढल्ने मन्त्री पौडेलाको भनाई छ ।

उनले ०८४ को निर्वाचनसम्म नै सरकार टिक्ने दावी गरे । "अहिले एमाले, काँग्रेस र अन्य साना दलहरु सहभागी छौं । नीतिगत पृष्ठभूमि र कार्यक्रमिक अवधारणाका आधारमा सहयात्रा बनिरहेको छ । यो कुनै काँचो धागोमा अडिएको सहयात्रा होइन", उनले भने, "यो सहयात्रा अहिले नै ढल्दैन, पूर्व सहमतिअनुसार कार्यान्वयन हुन्छ ।" अहिलेको सरकार नै स्थिर सरकारको प्रत्याभूति दिने सरकार भएको





मन्त्री पौडेलले बताए । उनले अहिले संसदमा जस्तो अंक गणित छ यहीबाट राजीनितक स्थिरताको खोजी गर्ने हो भने यही सरकार नै स्थिर सरकारको प्रत्याभूति दिने सरकार भएको उल्लेख गरे । मन्त्री पौडेलले भने"केही अस्थिरता खोज्नेहरुले बेला बेलामा सरकार ढल्दै छ भनेर चिच्याउने गर्दछन् । सरकार कुनै पनि हालतमा ढल्नेवाला छैन । सरकार ढल्छ भन्नेहरु अहिले मुर्जाआइरहेका छन् ।" अस्थिरताको खोजी गर्नेहरुको भविष्य नभएको समेत उनले बताए । प्रतिगामी, खहरेका रुपमा देखा परेका र मेनस्टिमको राजनीतिमा आएर तर अस्थिरताको खोजी गरिरहेका दलहरुको भविष्य नभएको मन्त्री पौडेलले दावी गरे । सापेक्षिक रूपमा राजनीतिक स्थायित्व र आर्थिक, सामाजिक रूपान्तरणका एजेण्डा अघि बढाइ मुलुकलाई समृद्धितर्फ डोऱ्याउनेतर्फ सरकार केन्द्रित रहेको उहाँले बताए । मन्त्री पौडेलले स्थिरता र स्थायित्वको सवालमा विश्वास गर्नसक्ने स्थानमा आएको दाबी गरे । उनले पाल्पाको विकासमा सरकारले बजेटमा समेत प्राथमिकता राखेको बताए । कार्यक्रममा संस्कृति,पर्यटन तथा नागरिक उड्यन मन्त्री बद्रीप्रसाद पाण्डेले पुरातात्विक सम्पदाहरुको संरक्षण गरी धार्मिक र पर्यटकीय क्षेत्रको विकास गर्ने गरी सरकार अगाडि बढेको बताए । उनले पालपा सम्भावना बोकेको जिल्ला भएकाले यसलाई उर्वर र समृद्धि बनाउन सकिने भन्दै यहाँका नागरिकहरु जाग्न जरुरी रहेको औंल्याए । मन्त्री पाण्डेले भगवती मन्दिरको आफ्नै धार्मिक, सांस्कृतिक र राष्ट्रिय महत्व रहेकाले यसलाई निरन्तरता दिनुपर्छ भन्ने कुरामा सरकार प्रतिवद्ध रहेको बताए । उनले भने "जिर्ण रहेको भगवती मन्दिरलाई राम्रो बनाउन सरकारबाट बजेट सुनिश्चित गरिएको छ ।" पर्यटनको विकासबाट नै सरकारले समृद्धि हासिल गर्ने गरी अगाडि बढेको मन्त्री पाण्डेको भनाई छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## आन्तरिक स्रोत बढाऔं

स्थानीय तहको सहज व्यवस्थापनका लागि आय स्रोतको महत्वपूर्ण भूमिका रहन्छ । तर स्थानीय सरकारले आन्तरिक स्रोत बढाउने दिशामा ध्यान दिन सकेका छैनन् । स्थानीय तहमा समाहित हुने विषयगत कार्यालयलाई सम्बन्धित स्थानीय तहअन्तर्गत सञ्चालन हुने कार्यक्रममा नेपाल सरकारबाट प्राप्त हुने पुँजीगत अनुदान र स्थानीय तहलाई प्राप्त हुने समानीकरण अनुदानको समेत हिस्सा रहन्छ तर यी सबै बाह्य आयस्रोत हुन् । यस किसिमका आयलाई संघीय सरकारले निर्देश गरेबमोजिम तोकिएको क्षेत्रको कार्यक्रम वा शीर्षकमा निश्चित मापदण्ड पूरा गरेर खर्च गर्न सकिन्छ । स्थानीय तहलाई यस किसिमका अनुदान प्राप्त हुने मापदण्डका सम्बन्धमा स्थानीय तथा प्रदेश कानुनहरू नबनेसम्म स्पष्ट हुन सक्ने अवस्था छैन । तापनि हाल जेजस्तो आधारमा जेजति अनुदान प्राप्त भएको वा हुने निश्चित छ, त्यसको अत्यधिक प्रतिफल प्राप्त हुने गरी लगानी हुनुपर्छ ।

खासमा अनुदान प्राप्तिले आयोजना कार्यान्वयनसँग सम्बन्ध राख्छ । जुन आयोजनाको निर्माणको स्रोत अनुदानलाई राखिएको छ, त्यो आयोजना कार्यान्वयनमा गएर खर्च भयो भने अनुदान आउँछ । खर्च हुन सकेन भने अनुदान आउँदैन । अनुदान धेरै आउने र नआउने विषय अनुदान दिने निकायमा मात्र भर छैन । आयोजना कार्यान्वयन, खर्च र सोधभर्नासम्म यसको अन्तरसम्बन्ध रहन्छ । यसैले स्थानीय सरकारको कार्यक्षमताको अभावले अनुदान धेरै नआएको भन्न हिचकिचाउनु पर्दैन । ।पछिल्ला केही वर्षदेखि अर्थतन्त्रको आकार बढ्दै गएको र राजस्व वृद्धिदर राम्रो देखिएपछि अनुदान कटौती हुँदै आएको छ । यस्तै पछिल्ला दिनहरूमा वैदेशिक अनुदान प्राप्ति निकै पेचिलो विषय बन्दै आएको छ । कुनै पनि मुलुक वा दातृ निकायहरूले पहिलो त अनुदानको अंश कटौती गर्दै आएका छन् । अर्को, अनुदान दिनुपरेमा कडा सर्त राख्न सुरु गरिएको छ । कुनै पनि निकायबाट अनुदान होइन, सस्तो ब्याजदरमा ऋण लिन पनि समस्या भइरहेको छ । अनुदान पाउनु धेरै परको विषय हो । त्यसैले आगामी दिनहरूमा अनुदान पाइन्छ भन्ने आशा गर्नु व्यर्थ छ । तसर्थ स्थानीय सरकारले अनुदानमा भर नपरी आन्तरिक स्रोत बढाउने कुरामा ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

सपना देखेर मात्र पुग्दैन साथी,
सपना पूरा गर्न निन्द्रा बिर्सिनुपर्छ ।
*(सान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आर्थिक सूचक सुधारिए, बजार सुध्रेन



डा. गणेशप्रसाद खनाल

*वास्तवमा, मौद्रिक नीतिको लचकता, घट्दो ब्याजदर र अधिक तरलता जस्ता सकारात्मक संकेतहरू पनि त्यतिबेला मात्र प्रभावकारी हुन्छन्, जब युवा र निजी क्षेत्रका लगानीकर्ताहरूमा देशको आर्थिक भविष्यप्रति भरोसा कायम हुन्छ । जब राज्यले लचकदार मौद्रिक नीति, ब्याजदरको समायोजन र बजेटीय कार्यक्रम मार्फत निजी क्षेत्रलाई उत्प्रेरित गरिरहे तापनि सुधारको संकेत देखिदैन भने, अब हरेक स्थानीय सरकारले आफ्नो तुलनात्मक लाभ पहिचान गर्दै स्थानीय उद्यमी तथा समुदायसँग सहकार्यमा उत्पादनमुखी उद्योग स्थापना गर्नुको विकल्प छैन । निजी क्षेत्र र युवा जमातले जबसम्म देशमा सम्भावना र स्थायित्व देख्दैनन्, केवल मौद्रिक औजारको प्रयोगले आर्थिक गतिशीलता सम्भव हुँदैन । अहिलेको वास्तविक चुनौती आर्थिक सूचक सुधार्ने मात्र नभई जनताको मनोविज्ञानमा आशा र भरोसाको वातावरण निर्माण गर्दै देशभर व्यावसायिक सोच र संस्कृतिको पुनर्स्थापना गर्नु हो ।*

जीडीपी र प्रतिव्यक्ति आयलाई छोडेर अन्य सूचकहरूलाई हेर्दा देशको समग्र बृहत् अर्थतन्त्रका सूचक राम्रो नै मान्न सक्ने आधार छ। नेपालमा औसत मुद्रास्फीति ४.२४ प्रतिशत कायम रहनु आफैंमा अर्थतन्त्रका लागि सकारात्मक सूचक हो । विशेषत: जब पछिल्लो ६-७ महिनाको अवधिमा मुद्रास्फीति दर ३ प्रतिशत हाराहारीमा सीमित रहेको छ । हालको वैश्विक आर्थिक अस्थिरता, आपूर्ति शृङ्खलामा चुनौती र मूल्यवृद्धिको दबाब बीच नेपालमा यस्तो स्थिर मुद्रास्फीति दर कायम रहनु तुलनात्मक रूपमा उल्लेखनीय मानिन्छ। यसबाहेक, भुक्तानी सन्तुलनमा पनि ४९१ अर्ब ४४ करोड रुपैयाँको बचत देखिनु थप सकारात्मक संकेत हो, जसले बाह्य क्षेत्रको स्थायित्वलाई पुष्टि गर्छ ।

मौद्रिक नीति २०८२/८३ अनुसार, नेपालको वैदेशिक मुद्रा सञ्चिति २५ खर्ब ६९ अर्ब रूपैयाँ पुगेको छ, जुन सञ्चितिले १४ महिना भन्दा बढी समयसम्मको वस्तु तथा सेवा आयात धान्न सक्ने क्षमता राख्छ । नेपालको सन्दर्भमा सामान्यत: ७ महिनासम्मको आयात धान्न सक्ने सञ्चिति पर्याप्त मानिन्छ । त्यसैले यो स्तरको सञ्चिति अत्यधिक मानिन्छ । यद्यपि वैदेशिक मुद्रा सञ्चिति उच्च हुनु आफैंमा खराब मानिने पक्ष होइन, नेपाल जस्तो आयातमुखी र उपभोगप्रधान अर्थतन्त्रमा अत्यधिक सञ्चिति दीर्घकालीन दृष्टिकोणले चुनौतीपूर्ण हुन सक्छ । अत्यधिक सञ्चिति हुनु भनेको देशभित्र पर्याप्त आयात घटेको, विदेशी लगानीको प्रवाह कमजोर भएको वा उपभोग र उत्पादन गतिविधि सुस्त भएको सङ्केत हुन सक्छ । साथै, वैदेशिक मुद्राको निष्क्रिय सञ्चयले अर्थतन्त्रमा तरलता सृजना नहुने, निजी क्षेत्रको लगानी नबढ्ने र रोजगारी सिर्जनामा असर पार्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा अर्थतन्त्र चलायमान हुन नसक्ने जोखिम रहन्छ, जुन समग्र आर्थिक वृद्धिका लागि बाधक हुन सक्छ । त्यसैले उच्च सञ्चिति सन्तुलन सहितको आयात, उत्पादन, लगानी र उपभोगसँग जोडिनु आवश्यक हुन्छ, नत्र यसले अर्थतन्त्रलाई निष्क्रिय बनाउने खतरा पैदा गर्छ । २०८२ जेठमा क, ख र ग वर्गका बैंकहरूको औसत भारित ब्याजदर क्रमश: ७.९९, ९.४४ र १०.२२ प्रतिशतमा झरेको छ, जुन अघिल्लो वर्ष यही अवधीमा क्रमश १०.१५, ११.६३ र १२.८५ प्रतिशत कायम रहेको थियो । मौद्रिक नीतिमा पछिल्ला तीन वर्षमा गरिएको लचकता र बजारमुखी सुधारहरूको प्रभावस्वरूप यस्तो गिरावट सम्भव भएको देखिन्छ । नेपालको इतिहासमै उच्चतम विप्रेषण प्रवाह भएको छ । प्रशस्त तरलता र बैंकहरूको लगानी क्षमतामा ७ खर्ब रुपैयाँभन्दा बढी सम्भावना हुँदाहुँदै पनि कर्जा प्रवाह अपेक्षाकृत वृद्धि हुनसकेको छैन। हालको प्रमुख आर्थिक समस्या कर्जा प्रवाहमा देखिएको छ । बजार चलायमान नहुनुका कारण व्यवसायीहरू आफैं कर्जा लिएर व्यवसाय सञ्चालन गर्न हिच्किचाइरहेका छन् भने वित्तीय संस्थाहरू पनि उपलब्ध कर्जा असुली गर्न नसक्ने स्थितिमा पुगेका छन् । नतिजास्वरूप, निष्क्रिय कर्जा (Non–Performing Loan.ddddd NPL) को दर करिब ५ प्रतिशतसम्म पुगेको छ, जुन स्पष्ट रूपमा वित्तीय स्थायित्वका लागि जोखिमपूर्ण संकेत हो । यसबाहेक, जग्गा र शेयर बजार सुस्त रहँदा धितोको मूल्यांकनमै समस्या देखिएको छ, जसले बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा प्रवाहमा झनै सतर्क बनाएको छ । यस्तो दोहोरो दबाबको कारण कर्जा प्रवाह संकुचित हुँदै गएको छ, जसले निजी लगानी, रोजगारी र समग्र आर्थिक गतिशीलतालाई नकारात्मक असर पुऱ्याइरहेको छ । माथिको चित्रबाट स्पष्ट हुन्छ कि पछिल्ला तीन वर्षमा नेपाल सरकारले मौद्रिक नीति मार्फत बैंक दर, नीतिगत दर (Policy Rate) तथा न्यूनतम जगेडा दर (CRR) लगायत मौद्रिक नीतिका औजारहरूलाई अत्यन्त लचक बनाउँदै आएको देखिन्छ, जुन अर्थतन्त्र लयमा फर्काउने सरकारको प्रयासलाई संकेत गर्छ । यस अवधिमा मुद्रास्फीति दर समेत घट्दो क्रममा रहेको छ, जसले समष्टिगत रूपमा देशको अर्थतन्त्रमा सुधारको सम्भावना देखाएको छ । तर यस्तो सकारात्मक मौद्रिक वातावरणका बाबजुद पनि बजार चलायमान हुनसकेको छैन, लगानी प्रवाहमा अपेक्षित वृद्धि देखिएको छैन, युवामा उद्यमशीलताको आकर्षण र विश्वास निर्माण हुनसकेको छैन, र कर्जा प्रवाह समेत कमजोर बन्दै गएको छ । यसले स्पष्ट गर्छ कि मौद्रिक नीतिको लचकताले मात्र अर्थतन्त्रलाई गतिशील बनाउन पर्याप्त हुँदैनह यससँगै संरचनात्मक सुधार, संस्थागत विश्वास, लगानीमैत्री वातावरण र उद्यमशीलता प्रवर्धन गर्ने नीति तथा कार्यक्रमको समेत आवश्यकता रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा पनि मौद्रिक नीतिलाई अत्यधिक लचक बनाउँदै अर्थतन्त्रलाई चलायमान बनाउने प्रयास गरिएको देखिन्छ । बैंक दर, नीतिगत दर र निक्षेपको न्यूनतम जगेडा दर क्रमश: ६.६, ५.० र ३.० प्रतिशतबाट घटाएर ६.०, ४.५ र २.७५ प्रतिशत कायम गरिएको छ, जुन नेपालको मौद्रिक इतिहासमै एक प्रकारको चरम लचकता हो । यसले कर्जाको ब्याजदर त सस्तो भएर ७/८ प्रतिशतको दरमा रहला तर यस्तो अवस्थामा अब बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा न्यूनतम २.७५ प्रतिशत ब्याजदर मात्र दिने छन्, जसको प्रभाव प्रत्यक्ष रूपमा निक्षेपकर्तामाथि पर्नेछ । निक्षेपको ब्याजदर घट्नुको अर्थ हो– बैंकमा पैसा राख्नु स्वयं घाटाको कारोबार हुँदै जानु किनभने मुद्राको अवमूल्यन भन्दा निक्षेपमा प्राप्त ब्याजदर कम हुँदा वास्तविक ब्याजदर ऋणात्मक हुन पुग्छ, जुन दीर्घकालीन रूपमा बैंकिङ प्रणालीका लागि स्वस्थ संकेत होइन। अहिले वाणिज्य बैंकहरूले मुद्दती निक्षेपमा ४ प्रतिशतभन्दा हाराहारीमा ब्याजदर दिन थालेका छन्, जुन अवस्था केही वर्षअघिसम्म १० प्रतिशतभन्दा माथि थियो । यदि यस्तो अवस्था दीर्घकालसम्म कायम रह्यो भने जनसाधारण बैंकमा पैसा राख्नबाट हतोत्साहित हुन सक्छन्, जसले औपचारिक बैंकिङ प्रणालीको साखमा असर पार्न सक्छ । अझ गम्भीर कुरा के हो भने, यसले अनौपचारिक अर्थतन्त्रलाई मौलाउने मौका दिन सक्छ। हाल बैंकिङ प्रणालीमा प्रशस्त तरलता भए पनि यदि आम नागरिकले बैंकमा पैसा राखेर ब्याज आर्जन गर्न नसक्ने ठाने भने दीर्घकालमा यो प्रवृत्ति अर्थतन्त्रका लागि खतरनाक बन्न सक्छ। आखिर, २.७५ प्रतिशत ब्याजदरमा ५ प्रतिशत मुद्रास्फीतिबाट 'नकारात्मक बचत' गर्ने सोच कोसँग रहला र ? जसले गर्दा निक्षेपकर्ताले अन्य विकल्प खोज्न सक्छन् । माथि उल्लेख गरे अनुसारका यति धेरै लगानीको वातावरण हुँदाहुँदै पनि यसको जड मूलत: विकासमा विश्वासको अभाव हो। व्यवसाय गर्ने वातावरणप्रति आम मानिस र विशेषत: युवाहरूमा भरोसा कायम हुनसकेको छैन । साना व्यवसायहरू बन्द हुने दर बढ्दो छ, अधिकांश जिल्लामा दर्ताभन्दा व्यवसाय बन्द गर्नेको संख्या बढी छ, घरजग्गा कारोबार लगभग ठप्प छ, र शेयर बजार केही सुधारिए जस्तो देखिए पनि धेरै कम्पनीको आधारभूत अवस्था कमजोर छ जसले गर्दा शेयर बजार दीर्घकालीन रूपमा अगाडि बढ्ला भन्ने संकेत देखिदैन । यस्तै परिस्थिति बीच हरेक वर्ष झन्डै ८ लाख युवा देशमा अवसर नदेखेर विदेश पलायन हुनुह लगानीको वातावरण कति संकटपूर्ण छ भन्ने संकेत हो ।

वास्तवमा, मौद्रिक नीतिको लचकता, घट्दो ब्याजदर र अधिक तरलता जस्ता सकारात्मक संकेतहरू पनि त्यतिबेला मात्र प्रभावकारी हुन्छन्, जब युवा र निजी क्षेत्रका लगानीकर्ताहरूमा देशको आर्थिक भविष्यप्रति भरोसा कायम हुन्छ । यस्तो विश्वास निर्माणका लागि दीर्घकालीन नीतिगत स्थायित्व, लगानीमैत्री संरचना, स्थानीय तहको सक्रियता र स्पष्ट कार्ययोजना अपरिहार्य छन् । जब राज्यले लचकदार मौद्रिक नीति, ब्याजदरको समायोजन र बजेटीय कार्यक्रम मार्फत निजी क्षेत्रलाई उत्प्रेरित गरिरहे तापनि सुधारको संकेत देखिदैन भने, अब हरेक स्थानीय सरकारले आफ्नो तुलनात्मक लाभ पहिचान गर्दै स्थानीय उद्यमी तथा समुदायसँग सहकार्यमा उत्पादनमुखी उद्योग स्थापना गर्नुको विकल्प छैन । निजी क्षेत्र र युवा जमातले जबसम्म देशमा सम्भावना र स्थायित्व देख्दैनन्, केवल मौद्रिक औजारको प्रयोगले आर्थिक गतिशीलता सम्भव हुँदैन । हरेक वर्ष दोहोरिएका वार्षिक नीति, अनुदान र कार्यक्रमहरूका बाबजुद पनि जब आर्थिक वातावरण निर्माण हुन सकेन भने, अब गाउँ-गाउँबाट रोजगारी र उद्यमशीलता प्रवर्धन गरिने स्थानीय उद्योग मार्फत नयाँ मार्ग खोल्नु आवश्यक छ, जसको लागि स्थानीय सरकार राजनीतिक तथा स्रोतगत दृष्टिले पर्याप्त रूपले सक्षम छन् भने प्रदेश र केन्द्र सरकारले वातावरण निर्माण गर्नुपर्छ । अहिलेको वास्तविक चुनौती आर्थिक सूचक सुधार्ने मात्र नभई जनताको मनोविज्ञानमा आशा र भरोसाको वातावरण निर्माण गर्दै देशभर व्यावसायिक सोच र संस्कृतिको पुनर्स्थापना गर्नु हो ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्यमा सुधार आउनेछ। बोलीमा नियन्त्रण राख्नुहोस् सोचेका कार्य पूरा हुनेछन्। | **तुला** :आत्मबल कमजोर रहनेछ। सोचेको कार्य सम्पादन गर्नमा समय बित्नेछ। |
| **वृष** : मानसम्मान वृद्धि हुनेछ। साहसिक कदम उठाउने समय रहेको छ। | **वृश्चिक** : व्यापारमा लाभ रहनेछ। जीवनसाथीसँग वैचारिक मतभेद सुल्झिनेछ। |
| **मिथुन** : सम्वादले सुल्झिनेछन्। यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं। | **धनु** :शत्रुहरू पराजित हुनेछन्।कमी कमजोरीलाई सुधार्ने अवसर मिल्नेछ। |
| **कर्कट** : धेरैको मन लोभ्याउन सकिनेछ। घरमा मांगलिक कार्यको चर्चा हुनेछ। | **मकर** : सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ। योजनातर्फ अग्रसर भइनेछ। |
| **सिंह** : आफन्तहरूको साथ र सहयोगले उत्साह जाग्नेछ। कार्यक्षेत्रमा प्रगति हुनेछ। | **कुम्भ** : मनमा अज्ञात चिन्ता रहनेछ। माताको स्वास्थ्यलाई लिएर सजग रहनुहोला। |
| **कन्या** : अप्ठ्यारा कार्य पनि सजिलै सम्पादन गर्न सकिनेछ।करियरमा नयाँ अवसर मिल्नेछ। | **मीन** : रोकिएका कार्य पुन:प्रारम्भ हुनेछन्। लाभकारी योजना बनाउन सक्नुहुनेछ। |

# शिक्षा

## शैक्षिक योग्यता नपुगेका प्रधानाध्यापक




जिल्लाका २७२ सामुदायिक विद्यालयमध्ये २७० विद्यालयमा ऐनविपरीत प्रधानाध्यापकले काम गरिरहेका पाइएको छ । शिक्षा ऐनमा प्रधानाध्यापकका लागि निश्चित समयावधि र शैक्षिक योग्यता तोकिए पनि त्यसको बेवास्ता गर्दै ती विद्यालयमा योग्यतानै नपुगेका प्रधानाध्यापकले काम गरिरहेको पाइएको छ ।

जिल्लाको सदरमुकाम कुश्मा बजारमा सञ्चालित नारायण माध्यमिक विद्यालय र खुर्कोटस्थित हिमालय माध्यमिक विद्यालय बाहेक अन्य विद्यालयमा ऐनविपरीत प्रधानाध्यापक रहेको शिक्षा विकास तथा समन्वय एकाइले जानकारी दिएको छ । शिक्षा नियमावली,२०५९ को संशोधिनसहित परिच्छेद १७ नियम ९३ बमोजिम एक पटक प्रधानाध्यापक नियुक्ति भएपछि पाँच वर्षसम्मका लागि सेवा अवधि रहने र पुन: नियुक्तिका लागि छनोट समितिमार्फत प्रक्रिया पूरा गरेर नियुक्ति गर्नुपर्ने प्रावधान छ । शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मतिलाल चपाईका अनुसार पर्वतका सबै स्थानीय तहमार्फत विद्यालयलाई ऐनअनुसार प्रधानाध्यापक नियुक्तिका लागि पत्राचार गरिसकेको जानकारी दिए । उनले जिल्लाका दुई विद्यालयबाहेक अन्य विद्यालयमा ऐनअनुरुप प्रधानाध्यापक कार्यरत नपाइएको बताउँदै एकाइले तत्काल ऐनअनुसार गर्न सूचित गरिसकेको जानकारी दिए । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गत साउन ७ गते एक सूचना जारी गर्दै पाँच वर्षभन्दा बढी सेवारत रहेका प्रधानाध्यापक कार्यरत विद्यालयमा पुन: नियुक्तिका लागि प्रक्रिया अघि बढाउन निर्देश गरेको थियो । केन्द्रले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट समेत कारबाही प्रक्रिया अघि बढाउनका लागि अनुरोध भएको भन्दै उक्त सूचना जारी गरेको थियो । पर्वतमा सूचना जारी भएको झण्डै तीन हप्ता बितिसक्दासम्म कुनै पनि विद्यालयले नयाँ प्रधानाध्यापक नियुक्तिका लागि प्रक्रिया अघि नबढाएको एकाइ प्रमुख चपाईले बताए । एकाइले समेत उक्त सूचनालाई आधार मान्दै यही साउन ९ गते सूचना प्रकाशन गरेको थियो । अन्य जिल्लाका कतिपय स्थानीय तहहरुले प्रधानाध्यापक नियुक्तिका लागि छुट्टै कार्यविधि बनाएको पाइए पनि पर्वतमा तत्सम्बन्धी स्थानीय तहहरुले ऐन निर्माण गर्न सकेका छैनन् । कुश्मा नगरपालिकाका शिक्षा अधिकृत दीपक सुवेदीका अनुसार पालिकाले छुट्टै ऐन, कार्यविधि नबनाएको तर शिक्षा नियमावलीअन्तर्गत रहेर विद्यालयलाई नयाँ प्रधानाध्यापक नियुक्तिका लागि अनुरोध गरिएको बताए । शिक्षा नियमावलीअन्तर्गत माध्यमिक तह सञ्चालन रहेको विद्यालयमा शिक्षा शास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण, निम्नमाध्यमिक तहमा कम्तीमा स्नातक तह र प्राथमिक तहमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको स्थायी शिक्षक मात्रै प्रधानाध्यापक हुने प्रावधान रहेको छ । तर पर्वतका कतिपय विद्यालयमा निमावि तहका शिक्षकले माध्यमिक तहको प्रधानाध्यापक भएर काम गरिरहेको समेत पाइएको छ । माध्यमिक तहको दरबन्दी र शैक्षिक योग्यता भएका शिक्षकहरु प्रधानाध्यापक नभई तल्लो तहका प्रधानाध्यापकले विद्यालय सञ्चालन गरेका पाइएपछि केन्द्रले यस्तो निर्देशन गरेको हो । पैयु गाउँपालिका-३ पालुस्थान मावि बेउलीबासका प्रधानाध्यापक पूर्णचन्द्र काफ्लेले आफूलाई त्यससम्बन्धी कुनै जानकारी नभएको बताए ।

अठार वर्षदेखि लगातार एउटै विद्यालयमा प्रधानाध्यापक रहेका काफ्लेले शिक्षा ऐन र नियमावलीअनुसार भएमा आफू जिम्मेवारीमा नबस्ने बताए । 'मलाई कोही शिक्षक योग्यताअनुसार नभएपछि १८ वर्षअघि विद्यालय व्यवस्थापन समितिले जिम्मेवारी दिएको हो, मेरो स्थानमा योग्यताअनुसार मभन्दा माथिल्लो तहको कोही शिक्षक आउनुहुन्छ भने म उहाँको स्वागत गर्छु', उनले भने । मोदी गाउँपालिका-२ देउपुरमा सञ्चालित जननेत्र माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विकास तिमिल्सिनाले पनि प्रधानाध्यापक भएर बस्न नै शिक्षकहरु नमान्ने जिकिर गरे । 'शिक्षा विकास समन्वय एकाइ र स्थानीय तहले प्रधानाध्यापक हेरफेर, नियुक्तिलगायतको जिम्मा जिम्मेवारी लिनुपर्छ', उनले विद्यालय व्यवस्थापन समितिले उक्त कार्य गर्न नसक्ने बताए । *-रासस*

## सकियो गोरेटोको अष्ट्रेलियन एजुकेशन फेयर

अष्ट्रेलियन एजुकेशन फेयर २०२५ सकिएको छ । अध्ययनका लागि अष्ट्रेलिया जाने विद्यार्थीहरुलाई लक्षित गर्दै काठमाडौंको नयाँ बानेश्वरमा रहेको गोरेटो एजुकेशन कन्सल्टेन्सीले अगस्ट १२ देखि शुरू गरेको एजुकेशन फेयर शनिबार सकिएको हो । फेयरमा अष्ट्रेलियाका विभिन्न कलेजहरुका प्रतिनिधिहरुकै उपस्थितिमा कुन शहर वा कुन विश्वविद्यालयमा जाँदा विद्यार्थीलाई उपयुक्त हुन्छ भन्ने विषयमा जानकारी दिनुका साथै अप्ठ्यारा परिस्थितिहरूको सामना कसरी गर्ने भन्ने विषयको जानकारी दिनका लागि फेयरको आयोजना गरिएको थियो । समापन कार्यक्रममा बोल्दै गोरेटो कन्सल्टेन्सीका प्रबन्धक गोविन्द भण्डारीले पछिल्लो समय नेपाली विद्यार्थीहरुमा अष्ट्रेलियाप्रति आकर्षण बढेकाले एजुकेशन फेयर गरेको बताए । उनले फेयरमा तीनसय भन्दा बढी विद्यार्थीले भिजिट गरेकोसमेत जानकारी दिए । 'पछिल्लो समय विद्यार्थीहरु अष्ट्रेलियाप्रति बढी आकर्षित छन् । त्यो बढ्दोक्रममा छ । त्यसैलाई लक्षित गर्दै फेयर गरिएको हो । पाँच दिनको फेयर आज शनिबार समापन हुँदैछ । फेयरमा तीनसय भन्दा बढी विद्यार्थीले भिजिट गरेका थिए', उनले भने । त्यस्तै विद्यार्थीले अहिले अस्ट्रेलिया छान्नुको गर्नुको कारण त्यहाँको हावापानी, उच्च स्तरको पढाइ साथै सिड्नी सहरलाई नेपालको आठौँ प्रदेश मान्ने गरिएकाले सहज हुने विश्वासका साथ अस्ट्रेलिया नेपालीको रोजाइमा परेको उनले बताए । 'अस्ट्रेलिया छान्नुको गर्नुको कारण भनेको त्यहाँको मौसम पनी हो । त्यहाँ चाहि न धेरै चिसो हुने न धेरै गर्मी हुने त्यो भयो । अर्को भनेको उच्च स्तरिय लेभलको पढाई भयो । नेपालीहरुलाई जहाँ धेरै नेपालीहरु छन् त्यहाँ गएर बस्दा चाँहि सहज हुने भएकाले र सिड्नी सहरलाई नेपालको आठौँ प्रदेश पनि भनिन्छ । त्यसैले अहिले रोजाइमा परेको छ' उनले भने । त्यस्तै उनले अस्ट्रेलियामा नेपाली विद्यार्थीले आइटी क्षेत्रमा बढी चासो देखाएको बताए । उनले नेपालबाट अस्ट्रेलिया पढ्न जाने विद्यीलाई एक बर्षको पढाई खर्च २२ लाखसम्म लाग्ने बताए । अस्ट्रेलिया सरकारले विद्यार्थीलाई सिमित समय तोकेको हुँदा सिमित समय मात्र काम गर्न पाइन उनले बताए । नेपालबाट अस्ट्रेलिया पढ्न जाने विद्यार्थीहरुले धेरैजसो सिड्नी सहर रोज्ने गरेको उनको भनाइ छ । 'त्यहाँको सरकारले विद्यार्थीहरुका लागि काम गर्ने समय तोकिदिएको छ । फुल टाइम भने काम गर्न पाइँदैन । पढाईको खर्चको कुरा गर्दा एक बर्षको पढाई खर्च न्यूनतम १५ देखि २०-२२ लाख नेपाली रुपैंयाँसम्म हुने गरेको छ । फेयरमा अष्ट्रेलियामा रहेका विश्वविद्यालयहरुको भौतिक संरचनादेखि दक्ष र अनुभवी काउन्सिलरहरुबाट पनि कोर्स सेलेक्सन, अध्ययनमा जाँदा लाग्ने लागतदेखि आईएलट्स, टोफेलका बारेमा पनि जानकारी दिइएको छ ।

*-हाम्रा कुरा डटकम*

## बच्चालाई साथीहरूको दवाब, प्रभावबाट कसरी बचाउने ?




बाल्यकाल अब पहिले जस्तो सरल छैन । पढाइ, साथीभाइ, फेसन र सामाजिक सञ्जालको दबाब र प्रभाव बालबालिकामाथि बढ्दै गइरहेको छ । साथीहरूको कुरा, व्यवहार र सामाजिक सञ्जालको चमक धमकले बच्चाहरूको मन र आत्मविश्वासलाई आँधीझैं हल्लाउँछ । जब आत्मविश्वास हल्लिन्छ, यो प्रभावले बालबालिकाको निर्णय क्षमतालाई असर गर्न थाल्छ । यस्तो अरूको प्रभावलाई 'प्रियर प्रेसर'को संज्ञा दिइएको छ । प्रियर प्रेसर अर्थात् साथीभाइको प्रभाव वा उनीहरूजस्तै हुनुपर्ने दबाब र प्रभाव । यो प्रभाव जसले बच्चालाई आफ्नो बाटो छोडेर अरूको पछि लाग्न बाध्य पार्छ । कहिलेकाहीं यो दबाबले बच्चालाई राम्रो काम गर्न प्रेरित गर्छ, जस्तै पढाइमा ध्यान दिन । तर धेरैजसो स्थितिमा यसले गलत बाटोमा डोऱ्याउँछ, जहाँ बच्चाहरू आफ्नै मूल्य र निर्णय बिर्सन्छन् । जस्तो कि, अरूसँग महंगो फोन वा फेसन देख्दा आफूलाई कमजोर ठान्छ । दबाबले बच्चाको आत्मविश्वासलाई खिया लगाउँछ र उसलाई अरूको छाया बनाउँछ । यस्तोमा सकारात्मक वातावरण प्रदान गरेर बालबालिकालाई सही निर्णय लिन सिकाउनु उचित हुन्छ ।

**१.आत्मविश्वासको जग बलियो बनाउन प्रयास गर्ने :** यदि बच्चालाई अरूजस्तो बन्नुपर्छ भनेर दबाब दिइँदैन, बच्चाको सानो प्रयासको पनि कदर गरिन्छ, बच्चा जस्तो छ त्यस्तै ठिक छ भनेर हौसला दिने र घरमा उसको क्षमता बुझिन्छ भने उसले अरूको कुरा सुनेर आफूलाई कम आँकलन गर्दैनन् । उनीहरूको आत्मविश्वासको जग बलियो बन्दै जान्छ । यदि बच्चाले भन्छ, 'आमा, मेरो साथीले फुटबल खेल्न नआएको कारण म कमजोर छु भनेर जिस्काउछन् ।' यस्तो अवस्थामा अभिभावकले जवाफमा सबैजना सबै कुरामा राम्रो हुँदैनन् । प्रयास गरेमा चाहेको कुरामा सफल हुन सकिन्छ भनेर सम्झाउनुपर्छ ।

**२.सही र गलत छुट्याउन सिकाउने** सबैले गरिरहेको काम सधैं सही हुँदैन भन्ने कुरा बच्चालाई बुझाउनु धेरै महत्वपूर्ण छ । ऊसँग आफैं सोच्ने, न्याय गर्ने र निर्णय लिने क्षमता हुनुपर्छ । बच्चाले भन्छ, 'सबै साथीहरूले आफ्नो गृहकार्य गरिरहेका छैनन् किनभने शिक्षकले उनीहरूलाई धेरै गाली गर्दैनन् । त्यसैले म पनि गर्दिन ।' यस अवस्थामा रिसाउनुको सट्टा भन्न सकिन्छ, 'तिमीलाई अरूले गलत गरिरहेको थाहा छ । तर सोच, यदि अहिले आफ्नो गृहकार्य गरेनौं भने कक्षामा सिकेको कुरा पर्याप्त हुँदैन । प्रयास नै छैन भने परीक्षामा कमजोर साबित हुनेछौं के त्यो सही हुनेछ ? त्यसैले, जे सही छ त्यही गर्नुपर्छ, अरूको पछि लाग्नु हुँदैन ।'

**३.आफ्नो निर्णयसँगै कारणहरू पनि दिन सिकाउने :** बच्चालाई अरूको अगाडि मौन रहनु पनि गलत हो भनेर सिकाउनुपर्छ । जब कसैले उसको निर्णयमाथि प्रश्न गर्छ, उसले शान्त र तार्किक रूपमा आफ्नो जवाफ दिनुपर्छ । 'मेरा साथीहरूले मेरो खाजा बोरिङ छ भन्छन्, तिनीहरूसँग बर्गर र पिज्जा छ, म तिनीहरूलाई केही भन्न सक्दिन ।' यदि उसले यस्तो भन्छ भने उसलाई घरको खाजामा पौष्टिक छ । यसले मलाई दिनभर ऊर्जावान राख्छ, भन्ने जस्ता सकारात्मक जवाफ दिने अभ्यासबारे सम्झाउन सकिन्छ ।

**४.दैनिक कुरा गर्ने र कुरा सुन्ने :** बालबालिकाहरूसँगको कुराकानी अध्ययन वा सिकाउने र बुझाउने कुरामा मात्र सीमित हुनुहुँदैन । दिनमा १०-१५ मिनेट बच्चाको कुरा सुन्न र बुझ्नका लागि मात्र छुट्याउनुपर्छ । ता कि, उसलाई पक्का होस्-मेरो कुरा सुनिने छ । नियमित रूपमा गरिएको कुराकानीले प्रारम्भिक चरणमा नै उसका साथीहरूको दबाबलाई अन्त्य गर्न सक्षम हुनेछ । यदि बच्चाले भन्छ, 'मेरा साथीहरूले मेरो रफ कपीको मजाक उडाउँछन् ।' यस्तोमा भन्न सकिन्छ, 'छोरा, तिमीलाई थाहा छ, कागज बनाउन धेरै रूखहरू काट्नुपर्छ । अब तिमीले यो रफ कपी प्रयोग गरेर प्रकृतिलाई कति मद्दत गरेको छौ भनेर मात्र सोच । त्यसैले, आफ्ना साथीहरूलाई भन कि तिमी एक वास्तविक नायक हौ ।'

**५.नराम्रा प्रस्तावमा असहमति जनाउन सिकाउने :** बच्चाहरू आफ्ना साथीहरूको गल्तीहरूमा संलग्न हुन्छन् किनभने उनीहरूलाई 'नाइँ' कसरी भन्ने थाहा हुँदैन । यस्तोमा असहमति व्यक्त गर्नु नराम्रो होइन, तर यो एक साहसी कदम हो भनेर बुझाउनुपर्छ । 'साथीहरूले हामीलाई आज स्कूल बंक गरेर अन्तै जाउँ भनिरहेका छन् ।' यदि बच्चाले यसै भन्छ भने यसमा सहमति जनाउनुको सट्टा म पढाइ छोडेर रमाइलो गर्दिन, किनकि यसले मलाई हानि पुऱ्याउँछ । म घर गएर खेल्नेछु भनेर जवाफ दिन सिकाउन सकिन्छ ।

यसबाहेक अभिभावकले प्रेरणादायी कथाहरू सुनाउन सक्नेछन् । यसले उनीहरूको दिमाग सकारात्मक राख्नेछ । कहिलेकाहीं बच्चाहरू सल्लाह लिन चाहँदैनन्, तिनीहरू मात्र सहानुभूति र सुन्ने कोही चाहन्छन् । त्यसैले, उनीहरूको कुरा ध्यानपूर्वक सुन्ने गर्नुपर्छ । उनीहरूसँगै समाधान खोज्ने प्रयास गर्नुपर्छ । यसबाट बच्चाले हरेक समस्या समाधान गर्न सकिन्छ भन्ने सिक्छन् ।

*-अनलाइन खबर डटकम*

## विद्यार्थीलाई अभ्यासमूलक व्यावहारिक शिक्षा दिँदै



भोजपुरका सामुदायिक विद्यालयले विद्यार्थीलाई अभ्यासमूलक प्राविधिक शिक्षा दिन सुरु गरेका छन् । राज्यको नीतिअनुसार यहाँका विद्यालयहरूले कृषिलगायतका प्राविधिक विषयमा व्यावहारिक ज्ञान प्रदान गर्न थालेका हुन् । भोजपुर नगरपालिका-१२ टक्सारस्थित यशोधरा माध्यमिक विद्यालयले भाडामा जग्गा लिएर विद्यार्थीलाई अभ्यासमूलक कृषि शिक्षण गराउँदै आएको छ । यहाँका कक्षा ९ देखि १२ सम्म कृषि बाली विज्ञान अध्ययन गरिरहेका विद्यार्थीलाई व्यावहारिक शिक्षणमा जोड दिइएको हो । विद्यालय नजिकै १५ रोपनी जग्गा लिजमा लिएर आधुनिक तथा प्रविधिमैत्री खेती प्रणालीको ज्ञान र सीप प्रदान गर्ने काम भइरहेको विद्यालयका प्रधानाध्यापक युवराज रेग्मीले जानकारी दिए । उनका अनुसार विद्यार्थीलाई सैद्धान्तिक ज्ञानमात्र नभई जीवनोपयोगी सीप दिने उद्देश्यले अभ्यासमार्फत शिक्षण गराइँदै आएको छ । "हामीले विद्यार्थीलाई अभ्यासमूलक शिक्षणमा जोड दिएका छौँ", प्रधानाध्यापक रेग्मीले भने, "अहिलेको आवश्यकता प्राविधिक शिक्षाको हो । अध्ययन सकेपछि कुनै न कुनै कृषि उद्यममा संलग्न होस् भन्ने उद्देश्यले यो पद्धति अपनाएका हौँ ।" शिक्षालाई परम्परामुखीभन्दा पनि व्यावहारिक र प्रविधियुक्त बनाउन विद्यालयले प्राविधिक शिक्षाको थालनी गरेको उनको भनाइ छ । विगतमा राज्यबाट सञ्चालित 'पढ्दै कमाउँदै' कार्यक्रम निकै उपयोगी भए पनि हाल त्यो कार्यक्रम हटाइएकाले विद्यार्थी मारमा परेको उनको टिप्पणी छ । यस्ता उपयुक्त कार्यक्रमलाई पुन: निरन्तरता दिन आवश्यक रहेको बताए । कृषि विषयका विद्यार्थीले कक्षा ९ देखि १२ सम्म कृषिसम्बन्धी १६ वटा विषय अध्ययन गरिरहेका छन् । कृषिअन्तर्गत प्राविधिक शिक्षा पढ्न चाहनेले कक्षा ९ बाटै प्रवेश गर्नुपर्ने विद्यालयका बाली विज्ञान प्रशिक्षक सुलोचना गिरीले जानकारी दिए । व्यावहारिक अभ्यास कार्यस्थलमा विद्यार्थीलाई आधुनिक तरिकाले धान, मकै, विभिन्न जातका तरकारी, च्याउखेती, मौरीपालन, माछापालनलगायतका बारेमा ज्ञान दिइन्छ । साथै जैविक विषादी निर्माण, कृषि बालीमा लाग्ने रोग, कीरा र उपचार पद्धतिबारे पनि अभ्यास गराइन्छ । "हामीले विद्यार्थीलाई सबै खालका खेती प्रणालीको अभ्यासमूलक ज्ञान दिँदै आएका छौँ", प्रशिक्षक गिरीले भने, "विद्यार्थीले यहाँ सिकेको सीपले भविष्यमा आत्मनिर्भर जीवनयापन गर्न सकून् भन्ने हाम्रो लक्ष्य हो ।" आफ्नै विद्यालयमा प्राविधिक शिक्षा पाउँदा सहजता भएको कक्षा १२ की छात्रा विविहाङमा राईले बताए । अभ्यासका माध्यमबाट शिक्षण हुने भएकाले सीप आर्जन गर्न सजिलो भएको उनको भनाइ छ । विसं २०७४ देखि बाली विज्ञान व्यावहारिक शिक्षा सुरु भएको विद्यालयले जनाएको छ । हाल यहाँ ३२ जना विद्यार्थी बाली विज्ञान प्राविधिक शिक्षा लिइरहेका छन् । *-रासस*

# बिक्न छाडे सारङ्गी, सुनिन छाड्यो धुन



**घोराही (दाङ),** भदौ १/पछिल्लो समय सारङ्गी बजाएर जीविकोपार्जन गर्ने गन्धर्व समुदायको संख्या घट्दै गएको छ । नयाँ पुस्तामा सारङ्गी बाजाप्रति रुचि नभएका कारण यसको सङ्ख्या घट्दै गएको हो ।

गाउँमा सारङ्गी बाजा बजाउने मानिस नहुँदा बनाएका सारङ्गी बिक्रीमा पनि समस्या भइरहेको घोराही उपमहानगरपालिका-११ नयाँ बस्ती निवासी डाइवर गन्धर्व बताउन्छन् । करिब तीन दशक बढी समयदेखि सारङ्गी बाजा बनाउँदै आएका डाइवर पछिल्लो समय आफ्नो पेसा सङ्कटमा परेको बताउन्छन् । सारङ्गी बजाउने मानिस कम हुँदै जाँदा बिक्री पनि हुन छाडेको भन्दै उनले भने, "पहिले सारङ्गी बिक्ने हुँदा राम्रै आम्दानी हुन्थ्यो, तर अहिले सारङ्गी बिक्नै छाडिसकेको छ । बनाउने काममात्र होइन, अब त कोठामा सजाएर राख्ने काम मात्र भएको छ ।" डाइवर गन्धर्वका अनुसार समय परिवर्तनसँगै गन्धर्वहरूले गीत गाउन र सारङ्गी बजाउन छाड्दै जाँदा यो पेसा नै ओरालो लागेको छ । पहिलेजस्तै सबैले गीत गाउने र सारङ्गी बनाउने गरे त राम्रै हुन्थ्यो होला तर अहिले गाउँमा सारङ्गी बजाउन जान्ने सीमित मानिसमात्र छन् । गाउँमा सारङ्गी बजाउने मानिस नहुँदा बिक्री पनि हुन छाडेको उनले बताए । गाउँमा सारङ्गी बजाउने कोही भए पो बनाएका सारङ्गी बिक्थे । अहिले बजाउने मान्छे नै छैनन्, त्यही भएर बिक्री पनि हुँदैनन् । बनाएका नबिक्दा थप नयाँ बनाउन पनि मन लाग्दैन । पहिले महिनामा सात-आठवटा सारङ्गी बिक्री हुने गरे पनि अहिले दुई-तीन जतिमात्र बिक्री हुने गरेको उनी बतान्छन् । त्यसैगरी, सारङ्गी बनाउने कलामात्र सङ्कटमा परेको होइन, आवश्यक सामग्रीको अभाव पनि मुख्य समस्या बनेको छ । सारङ्गी बनाउन राम्रो काठ चाहिने भए पनि पछिल्लो समय खमारी पाउनै समस्या भएको उनको भनाई छ । जिल्लामै सारङ्गी बनाउने आफूमात्र भएको भन्दै उनले भने "आफ्नो मौलिक बाजा बजाउन र बनाउन नयाँ पुस्ताले चासो नदिने हो भने सारङ्गी बनाउन काठमात्र होइन, आफ्नो पहिचान नै हराउने जोखिम छ ।" सामुदायिक वनका कारण जङ्गलमा जान नपाइने र चिनेका काष्ठ उद्योगबाट खमारी काठ ल्याएर सारङ्गी बनाउने गरेको उनी बताउन्छन् । उनका अनुसार साना आकारका सारङ्गी चार हजारदेखि पाँच हजारसम्म बिक्री हुने गरेका छन् भने ठूला र आकर्षक डिजाइनका सारङ्गी रु नौदेखि १० हजारसम्ममा बिक्री हुने गरेको डाइवर बताउन्छन् । सारङ्गीको महत्व र संरक्षण घट्दै जाँदा सारङ्गी बजाएरै जीविका चलाउनेलाई चिन्ता लाग्न थालेको छ । सारङ्गी बाजाको संरक्षण गर्दै, यसलाई व्यावसायिक बनाउन सके, कला संस्कृतिको संरक्षण र रोजगारीको अवसर सृजना हुने गन्धर्व समुदायका मानिस बताउँछन् । *-रासस*


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

### टप इण्ड टी-२० शृङ्खलामा नेपालको लगातार दोस्रो हार



**काठमाडौँ,** भदौ १/अस्ट्रेलियामा चलिरहेको टप इण्ड टी-२० शृङ्खलाको आफ्नो दोस्रो खेलमा नेपाल बङ्गलादेश 'ए'सँग २९ रनले पराजित भएको छ । बङ्गलादेश 'ए'ले दिएको एक सय ८४ रनको लक्ष्य पछ्याएको नेपाल सात विकेट गुमाएर एक सय ५४ रन मात्रै बनाउन सक्यो । नेपालका कुशल मल्लले अविजित ५९ रन र आसिफ शेखले २८ रन बनाए । बङ्गलादेश 'ए'का रकिबुल हसनले तीन, हसन महमुदले दुई तथा तोफेल अहमद र रिपन मण्डलले समान एक विकेट लिए । त्यसअघि डार्बिनमा टस जितेर ब्याटिङ गरेको बङ्गलादेश 'ए'ले छ विकेट गुमाएर एक सय ८३ रन बनायो । बङ्गलादेशका जिशन आलमले ७३ र अफिफ हुसेनले अविजत ४४ रन बनाए । नेपालका रिजन ढकालले दुई विकेट तथा करन केसी, नन्दन यादव र सन्दीप लामिछानेले समान एक विकेट लिए । नेपाल आफ्नो पहिलो खेलमा आयोजक टोली नर्थन टेरिटोरी स्ट्राइकसँग ४२ रनले पराजित भएको थियो । त्यस्तै आफ्नो पहिलो खेलमा बङ्गलादेश 'ए' टोली पाकिस्तान साहिन्ससँग ७९ रनले पराजित भएको थियो । यो शङ्ख्लामा नेपालको पहिलो सहभागिता हो । प्रतियोगितामा ११ वटा टोली छन् । सहभागी हरेक टोलीले लिग चरणमा ६ खेल खेल्नेछन् । प्रतियोगिताअन्तर्गत नेपालले भोलि मेलबर्न स्टार्ससँग, पर्सि मङ्गलवार होबर्ट हुरिकेन्ससँग, बुधवार मेलबर्न रेनेगेड्ससँग र शुक्रवार अर्थात् भदौ ६ गते पाकिस्तान साहिन्ससँग खेल्ने छ । अस्ट्रेलियामा टप इण्ड टी-२० शृङ्ख्लापछि पनि नेपालले अभ्यास खेल पनि खेल्नेछ । आईसीसी टी-२० विश्वकप छनोटका तयारी स्वरूप नेपालले टप इण्ड टी-२० प्रतियोगिता र अभ्यास खेल खेल्न लागेको हो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अङ्कले घट्यो



**काठमाडौँ,** भदौ १/यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दमशलव १४ अङ्कले घटेको छ । शून्य दशमलव ९७ प्रतिशतको गिरावट पछि आज नेप्से परिसूचक दुई हजार ७६१ दशमलव २२ को बिन्दुमा कायम भएको हो ।

आइतबार ३१७ कम्पनीको दुई करोड पाँच लाख १३ हजार ६२५ कित्ता शेयर ८६ हजार ६६९ पटक खरिद बिक्री हुँदा रू सात अर्ब ७३ करोड ५१ लाख ९५ हजार ९४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव शून्य तीन, विकास बैंक शून्य दशमलव ५१, वित्त शून्य दशमलव ९३, होटल तथा पर्यटन शून्य दशमलव २१, जलविद्युत् शून्य दशमलव ७७, लगानी शून्य दशमलव ८३ र जीवन बिमा शून्य दशमलव ७१ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन समूह एक, लघुवित्त एक दशमलव ३१, म्युचुअल फण्ड शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ६८, व्यापार एक दशमलव ६४ र अन्य समूह एक दशमलव ३४ प्रतिशतले घटेको छ ।

आरबिबी म्युचुअल फण्ड-१ को शेयर मूल्य सबैभन्दा बढी सात दशमलव ९३ प्रतिशतले बढेको छ । सबैभन्दा बढी सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव शून्य छ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रू ५१ करोड ६७ लाख दुई हजार २०१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी आरबिबी म्युचुअल फण्ड-१ को १३ लाख ५८ हजार छ कित्ता किनबेच भएको छ ।

## पाल्पामा सिदुर...

...नेपाली सेनाले अंग्रेज सेनालाई युद्धमा पराजित गरेको खुसीयालीमा विक्रम सम्वत् १८७७ सालदेखि मनाउन सुरू गरिएको विजय उत्सव यसवर्ष पनि निरन्तरता दिइएको भगवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अशोकमान महर्जनले बताए । विश्व विजयको यात्रामा हिँडेको अंग्रेज सेनासँग नेपाली सेनाले विक्रम सम्वत् १८७१ पुसदेखि १८७२ जेठसम्म पाल्पाको नुवाकोट र बुटवलको जितगढीमा युद्ध लडेर विजयको झण्डा फहराएको थियो । तत्कालीन पाल्पाका प्रशासक कर्णेल उजिर सिंह थापाको नेतृत्वमा दुई पटकसम्म भएका युद्धमा अंग्रेज फौजलाई पराजित गरेपछि त्यसको खुसीयालीमा विक्रम सम्वत् १८७७ सालदेखि हरेक वर्ष कृष्ण जन्माष्टमीको भोलिपल्ट भगवतीको रथयात्रासहित विजय उत्सव मनाउन सुरू गरिएको हो । आफ्नो साम्राज्यमा कही कतै सूर्य नअस्ताउने भूभाग कोमेको अनि आफुलाई अब्बल दर्जाको रुपमा ठान्ने अंग्रेज साम्राज्यलाई पटकपटक पाल्पा क्षेत्रको बुटवल जितगढीबाट खेदेर परास्त गरेको सम्झनामा भगवती जात्रा मनाईने गरेको समितिका सदस्य सचिव प्रकाशनाथ गंगोलले बताए । बुटवल क्षेत्रलाई अंग्रेजको हातमा पर्न नदिन कर्णेल उजिर सिंह थापाले युद्धमा विजयी भएमा भगवतीको मन्दिर बनाई सिन्दुरजात्रा गर्ने भाकल गरेअनुसार यो जात्रा मनाउने गरिएको किबदन्ती रहेको छ । ऐतिहासिक भगवती जात्रा राष्ट्रिय विरतासँग जोडिएको भए पनि यो जिल्लामै सिमित बन्न पुगेको छ । नेपालको राष्ट्रियता, स्वाभिमान र राष्ट्रिय गौरवलाई बचाउने पूर्खाको विषयमा खोजी गर्नुपर्ने र भगवती जात्रा बिचको राष्ट्रियता खोज्नुपर्ने इतिहासका जानकार राजेन्द्र गोपाल सिंहले बताए ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई